प्रदेश सरकार
पर्यटन, वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुनसरी

कोशी प्रदेश, इनरुवा, नेपाल

(२१)

खुद्दुस मियाँ
डिभिजनल वन अधिकृत

## विषयः शिलवन्दी बोलपत्र प्रथाद्वारा घटाघटमा बेवारिसे तथा दरिया बुर्दी दहतर बहतर काठ, दाउरा संकलनको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।५।१३ गते (गोरखापत्र राष्ट्रिय दैनिक)

ससकोशी नदीको पूर्वी किनार सुनसरी जिल्ला तर्फ नदीले बगाई ल्याएको,किनारा लागेको, अड्केको वा पुरिएको बेवारिसे तथा दरियाबुर्दी दहतर बहतर काठ दाउरा रामधुनी सव डिभिजन वन कार्यालय अन्तर्गतको राजावास भन्ने स्थान तथा नडाहा सव डिभिजन वन कार्यालय अन्तर्गतको सिसौलीघाट र ठाकुरबारी नाकाबाट वन नियमावली, २०७९ को नियम १२४ को उपनियम(१) तथा कोशी प्रदेश वन नियमावली, २०८० को नियम ९७ को उपनियम(१) बमोजिम संकलन गरी रामधुनी सव डिभिजन वन कार्यालय अन्तर्गतका क्षेत्रबाट संकलन भएका काठ दाउरा रामधुनी सव डिभिजन वन कार्यालय परिसरमा तथा नडाहा सव डिभिजन वन कार्यालय अन्तर्गतका क्षेत्रबाट संकलन भएका काठ दाउरा नडाहा सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी गर्ने गरी आ.व. २०८२।०८३ मा नदीले बगाई ल्याएको,किनारा लागेको, अड्केको वा पुरिएको बेवारिसे तथा दरियाबुर्दी दहतर बहतर काठ दाउरा संकलन ढुवानी समेत, पाइलिङ, ग्रेडिङ, नम्बरिङ, दाउरा संकलन,मुछान, ढुवानी तथा चट्टा आदी गराउनका लागी स्वीकृत जिल्ला दररेटमा घटाघट प्रकृयावाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो प्रथम पटकको सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोेवार गर्ने गरी मु.अ.कर/एव्ल् मा दर्ता भएका ईच्छुक काष्ठ व्यवसायी वा फर्म वा कम्पनिहरुले निम्न सर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलवन्दि बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

तपसिल

१. यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक मिति २०८२।५।१३ गते प्रकासित भएको मितिले २१ (एक्काइस) दिन (२०८२।६।२ गते) कार्यालय समय भित्र यस कार्यालय वा प्रदेश वन निर्देशनालय, कोशी प्रदेश, धरानवाट रु १,०००।– दस्तुर (पछि फिर्ता नहुने गरी ) वुझाई कार्यालय समय धित्र बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्दा चालु आ.व.का लागी नविकरण भएको उद्योग दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रका प्रतिलिपी संलग्न राखी सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२. खरिद भएको बोलपत्र यो सूचना प्रकासित भएको मितिले २२ औं दिनमा सार्वजनिक विदा परेकोले मिति २०८२।६।५ गते दिनको २.०० वजे भित्र तोकिए अनुसारको सिलवन्दि बोलपत्र लाहाछाप गराई यस कार्यालयमा वा प्रदेश वन निर्देशनालय, कोशी प्रदेश, धरानमा दर्ता गराउनु पर्नेछ । बोलपत्रको खाम वाहिर नाम, ठेगाना तथा पेश गर्ने कार्यालय को नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. दर्ता भएका शिलवन्दी सवै बोलपत्रहरु यस कार्यालयमा जम्मा भए पछि अन्य कार्यालयका प्रतिनिधी र बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. वोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने र खुल्ने दिन कार्यालय विदा भएमा उक्त कार्य विदाको लगत्तै भोलि पल्ट कार्यालय खुलेका दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र साथ बोलपत्र दाताले प्रस्ताव गरे अनुसारको रकमको १० % ले हुने रकम रा.बा.बैंक इनरुवामा रहेको प्रदेश लेखा ईकाई का.,सुनसरी इनरुवाको खाता नं.२२२०१००२०२०३०००० डिभिजन वन कार्यालय सुनसरी कोड नं. ३२९०११४०११ मा नगद जम्मा गरेको दोश्रो प्रति सक्कल भौचर समावेश हुनपर्ने छ । धरौटी भौचर भर्दा ४ पाने धरौटी भौचर वाहेकका अन्य भौचर प्रयोग नगरी दिनहुन अनुरोध छ ।

६. धरौटीको रुपमा बैंक जमानत पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागी हुनु पर्ने छ र क वर्गको वाणिज्य बैंकको जमानत हुनु पर्ने छ ।

७. बोलपत्रमा अंक र अक्षर दुवैमा रकम लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ । अंक र अक्षर लेखाईमा केरमेट भएमा काटेको ठाउमा दस्तखत गरी प्रष्ट रुपमा रकम लेख्नु पर्नेछ ।

प्रदेश सरकार
पर्यटन, वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुनसरी

कोशी प्रदेश, इनरुवा, नेपाल

खुद्दुस मियाँ
डिभिजनल वन अधिकृत

८. काठ दाउरा संकलन कार्यमा भाग लिन इच्छुक व्यक्ति, कम्पनी फर्मका प्रोपाईटरले वन पैदावारको कारोबार गर्ने गरी दर्ता भएको फर्म, संस्था वा कम्पनि दर्ताको प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न गर्नु पर्दछ ।

९. आवश्यक कागजात सहित वोलपत्र फारम भरि खाममा सिलवन्दी गरी पेश गर्नु पर्नेछ ।

१०. म्याद नाघी आएको, रित नगुगेको, शर्त राखीएको, एउटा फर्मको नाममा खरिद गरि अर्को फर्मको नामवाट पेश भएको वोलपत्र अमान्य हुनेछ ।

११. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१२. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संशोधन सहित)र प्रचलित नियमानुसार हुनेछ ।

१३. ठेक्का स्वीकृत भई म्याद भित्र सम्झौता गर्न उपस्थित हुन नआएमा धरौटी जफत गरि दोश्रो प्रतिष्पर्धिको नाममा ठेक्का स्वीकृत गर्न सकिने छ ।

१४.ठेक्का स्वीकृत भएपछि ठेकेदार र यस कार्यालय विच काठ संकलन, ढुवानी, पाइलिङ, ग्रेडिङ, नम्बरिङ, दाउरा संकलन, मुछान, ढुवानी, चट्टा लगाउने आदी विषयमा सम्झौता गरिनेछ । सम्झौता पश्चात यस कार्यालयवाट ईजाजत पत्र प्राप्त गरे पछि तोकिएको ठाँउबाट मात्र काठ दाउराको संकलन कार्य शुरु गर्न सकिने छ ।

१५. संकलन गरिने काठ, दाउराको उल्लेखित अनुमानित परिमाण्मा घटवढ हुन सक्ने र घटवढ भएमा सोहि अनुसार रकम भुक्तानी गरिने छ । ठेकेदारले शुरुमा आफ्नै खर्च लगाई काठ, दाउरा संकलन गर्नु पर्नेछ । काठ, दाउरा संकलन भए पश्चात सम्वन्धित वन प्राविधिकले प्रमाणित गरेको चलान पुर्जि र घाटगद्धि आम्दानीको आधारमा ठेकेदारलाई वढिमा ३ किस्तामा रकम भुक्तानी गरिनेछ । सम्वन्धित सव डिभिजन वन कार्यालयका वन प्राविधिक कर्मचारीको रेखदेख, निर्देशन र नियन्त्रणमा रहि ठेकेदारले काठ दाउराको संकलन, मुछान, ढुवानी एव घाटगद्धि आदीको काम गर्नु गराउनु पर्नेछ ।

१६. बेवारिसे तथा दरियाबुर्दी दहतर बहतर काठ दाउरा मात्र संकलन ,मुछान, ढुवानी गर्नु पर्नेछ ।

१७. काठ, दाउराको संकलन सम्वन्धी सम्पूर्ण कार्य प्रचलित वन ऐन २०७६, वन नियमावली २०७९, कोशी प्रदेश वन नियमावली २०८० र वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका २०७३ (संसोधन २०७५) तथा प्रचलित कानूनको अधिनमा रहि गर्नु पर्ने छ ।

**काठ दाउराको संकलन, ढुवानी सम्वन्धि कामको विवरण**

| सि.नं. | कामको विवरण | संकलन गरिने स्थान | संकलन हुने काठ दाउराको | | | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | प्लट | अनुमानित परिमाण | | | |
| | | | | काठ | दाउरा | | |
| १ | बेवारिसे तथा दरिया बुर्दी दहत्तर बहत्तर काठ, दाउरा संकलन, ढुवानी, पाइलिङ्ग, नम्बरीङ्ग र चट्टा लगाउने काम समेत । | राजावास, सिसौलीघाट र ठाकुरवारी भन्ने स्थानबाट । | १/ २०८२/ ०८३ ससकोशी नदी, दहत्तर/ बहत्तर | १८००.० क्यू.फिट | २०.० चट्टा | रामधुनी स.डि.व.का. अन्तर्गतका क्षेत्रबाट संकलन भएका काठ दाउरा रामधुनी स.डि.व.का. परिसर | |
| | | | | | | नडाहा स.डि.व.का. अन्तर्गतका क्षेत्रबाट संकलन भएका काठ दाउरा नडाहा स.डि.व.का. परिसर | |